# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०४।२४ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी रामवचन प्रसादसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी रामवचन प्रसादसमेत रहेको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धि मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।२३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| | रामवचन प्रसाद र रामचन्द्र सा कानू (विशेष अदालतको मुद्दा नं. ०७८-CR-०१३२र फैसला मिति २०८०/०७/२०) | सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरी भ्रष्टाचार गरेको। | प्रतिवादीहरु रामवचन प्रसाद र कन्हैया साह कानूलाई कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएको देखिएकोले निज प्रतिबादीहरुलाई सोही ऐनको दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना रदफा ३ को उपदफा (१) को देहाय (च) बमोजिमको कैद सजाय हुन मागदावी लिईएको। साथै प्रतिवादीहरु कन्हैया साह कानु र रामवचन प्रसादले हानी नोक्सानी गरेको रकम रु. ११,९५,०००।– सोही ऐनको दफा १७ बमोजिम निज प्रतिवादीहरु कन्हैया साह कानु र रामवचन प्रसादबाट असुल उपर हुन र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ र दफा १५८ बमोजिम मरेको व्यक्तीको हकमा समेत सरकारी वा निजी विगो, क्षतिपुर्ती वा रकम भराउन सकिने कानुनी व्यवस्था रहेकोले निज प्रतिवादीले हानी नोक्सानी गरको सरकारी सम्पत्ती बापतको रकम रु. ११,९५,०००।– भ्रष्टाचार निवरण ऐन, २०५९ को दफा १७ बमोजिम प्रतिवादी रामचन्द्र सा कानुबाट बिगो असुल गरी पाउन मागदाबी रहेको। | **फैसलाः**<br>प्रतिवादीहरु मध्ये कन्हैया साह कानुलाई अभियोग मागदावी बमोजिम सजाय भएको र प्रतिवादीहरु रामवचन प्रसाद र रामचन्द्र सा कानुलाई सफाई दिने ठहर गरी फैसला भएको।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>क. प्रतिवादी रामचन्द्र सा कानु विद्यालय निर्माण समितिका सदस्य रहेको देखिन आएको, निजका विरुद्ध दावीको कसूरमा संलग्न भएको पुष्टि हुने प्रत्यक्ष र निर्विवाद प्रमाण पेश भएको नदेखिएको। प्रतिवादी रामबचन प्रसादको अनुसन्धानको क्रममा र अदालत समक्षको वयानमा ईन्कारी रहेको।<br>ख. निज प्रतिवादी रामबचन प्रसाद निर्माण समितिको सदस्य भएकोमा विवाद नभए तापनि निजले उक्त कार्यको लागि चेकबाट झिकेको रु ११,८५,०००।- सह-प्रतिवादी कन्हैया साह कानुलाई बुझाएको भरपाईबाट देखिएको।<br>ग. अनुसन्धानको क्रममा तयार भएको बयान कागजमा कसैले पनि निज प्रतिवादी रामबचन प्रसादलाई दोषारोपण गरेको नदेखिएको।<br>घ. पेश्की रकम फिर्ता गराउन पटक पटक विद्यालय व्यवस्थापन समितिको बैठक राखी असुलउपर गराउने निर्णय गरे गराएको र बारम्वार ताकेता गरेको। | क. प्रतिवादी रामचन्द्र सा कानु विद्यालय निर्माण समितिका सदस्य रहेको देखिन आएको, निजका विरुद्ध दावीको कसूरमा संलग्न भएको पुष्टि हुने प्रत्यक्ष र निर्विवाद प्रमाण पेश भएको नदेखिएको भन्ने तर्कका सम्वन्धमा प्रतिवादी रामचन्द्र सा कानु विद्यालय निर्माण समितिका सदस्य रहेकोमा विवाद नरहेको। निज प्रतिवादी रामचन्द्र सा कानु अविभावक भेलाको सम्झौता अनुसार जिल्ला पर्सा, साविक गा.वि.स. भेडिहारीमा रहेको रामजानकी नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको ५ कोठे भवन निर्माण समितिको सदस्यमा चयन भई सोही दिनको बैठकले ०००११७११००१०७८४ को खाता संचालन गर्न विद्यालय व्यवस्थापन समिति अध्यक्ष श्री मोहन साह कानु र प्र.अ. श्री रामबचन प्रसादको संयुक्त हस्ताक्षरबाट संचालन भई आएकोमा अव उप्रान्त उक्त खाता निर्माण समिति अध्यक्ष श्री कन्हैया साह कानु, सदस्य श्री रामचन्द्र साह कानु र प्र.अ.श्री रामवचन प्रसादको संयुक्त हस्ताक्षरबाट संचालन गर्ने भन्ने निर्णय भएको। साथै उक्त बैठको ३ नं. प्रस्तावको निर्णयमा भवन निर्माणको रकम नेपाल बैंक लि. मा रहेको ०००११७११००१०७८४ खाता रोक्का समेत रहेकोमा अव उप्रान्त उक्त खाता भवन निर्माण कार्य गर्न हेतु फुकुवा गर्न बैंकलाई पत्र पठाउने भन्ने निर्णय गरेको। यी प्रतिवादी रामचन्द्र साह कानुनको अनुसन्धानको क्रमको वयान व्यहोराबाट हेर्दा समेत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहन साह कानु यी प्रतिवादीको काकाको छोरा रहेको खुलेको। उनकै वयान व्यहोराबाट समेत यी प्रतिवादी रामचन्द्र साह कानु ६० वर्ष उमेर पुगेका तथा पढेलेखेको नरहेको खुल्न आएको। नेपाल बैंक लिमिटेडको प्राप्त पत्रबाट समेत २०६९।४।२९ र २०७०।२।३ गते काटिएको चेकमा यी प्रतिवादी रामचन्द्र सा कानुको हस्ताक्षर रहेको। यी विविध तथ्यबाट प्रतिवादी रामचन्द्र सा कानुको कसूरमा संलग्नताको मनसाय स्पष्ट भएको। चेकमा हस्ताक्षर गर्नलाई समितिमा अन्य सदस्य हुँदा हुदै आफ्नो नाताकै मानिसलाई चेक कारोवारको जिम्मेवारी दिनु, पढ्न लेख्न नसक्ने मानिसलाई यति महत्वपूर्ण जिम्मेवारीमा राख्नु, र विधि, प्रकृया र कार्यविधि नपुर्‍याई यति धेरै रकम एकमुष्ठ रु.११,८५,०००।— भुक्तानीको लागि चेकमा हस्ताक्षर गर्नु, चेकबाट भुक्तानी दिएको रकमबाट केही पनि काम शुरु नभएको अवस्थामा करिव १ वर्ष पछि पनि फेरी अर्को चेक १०,०००।— को भुक्तानीको लागि चेक काटी हस्ताक्षर गर्नुले निज प्रतिवादीको मनसायगत रुपमा नै सार्वजनिक सम्पत्तीको हिनामिना र हानी नोक्सानी तथा दुरुपयोगमा प्रत्यक्ष संलग्नता रहेको देखिएको। प्रस्तुत सन्दर्भमा नेपाल सरकार विरुद्ध हरि प्रसाद ढकाल समेत भएको (नेकाप २०७८, पौष, नि.नं. १०७४८) भ्रष्टाचार मुद्दामा "मनसाय तत्त्व आपराधिक कार्यबाट नै खोजिने र हेरिने विषय हो; त्यसैले यो सधैं मुखरित अवस्थामा नहुन पनि सक्छ। कार्यको प्रकृति, सम्भावित परिणाम र सो परिणाम ल्याउन अभियुक्तले चालेको कदमहरूको समग्रतामा नै मनसाय तत्त्वको खोजी गर्नुपर्ने । अभियुक्तले आफ्नो कार्यको सम्भावित परिणाम यस्तो हुन सक्छ भन्ने जानकारी वा ज्ञान राखेको थियो वा थिएन; कार्यलाई हेरी यस्तो कार्यबाट यस्तो परिणाम निस्कन्छ भनी सामान्य समझको व्यक्तिले पनि भन्न सक्ने अवस्था अमुक वारदातमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | थियो वा थिएन भन्ने यकिन गर्नुपर्ने" भनि सिद्धान्त प्रतिपादन भएको अवस्थामा उक्त सिद्धान्त प्रतिकुल हुने गरी भएको फैसला त्रुटीपूर्ण रहेको।<br><br>प्रतिवादी रामबचन प्रसादले मौकामा र अदालत समक्ष कसूरमा इन्कार रही वयान गरेको भन्ने निर्णयाधारका सन्दर्भमा प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ भन्ने कानुनी व्यवस्था रहेकोमा सो कानुनी व्यवस्थाको गलत अर्थ लगाई प्रमाणमा ग्रहण नगरी मिसिल संलग्न अन्य प्रमाणहरुको आधारमा न्यायिक निरोपण गरिनु पर्नेमा निवेदकले दिएको किटानी उजुरी निवेदन, बैंकबाट उपलव्ध गराईएको चेकको प्रतिलिपी, विद्यालयको समय समयमा भएको बैंठकको निर्णयको प्रतिलिपी, स्रोत व्यक्तिले जिल्ला शिक्षा कार्यालय वीरगंजमा पेश गरेको प्रतिवेदन निज प्रतिवेदकले अदालतमा गरेको वकपत्र, लगायतका प्रमाणहरुले प्रतिवादीको कसूरमा संलग्नता पुष्टि भई रहेको अवस्थामा केवल आरोपित कसूर तथा सजायवाट उन्मुक्ति पाउने मनसायले गरेको प्रतिवादीको ईन्कारी वयानलाई आधार वनाई सफाई दिएको उक्त फैसला त्रुटीपूर्ण रहेको।<br><br>दावीको कसुरमा प्रतिवादीहरुको संलग्नता रहेको भनी पुष्टि हुने निर्विवाद आधारहरु वादी पक्षबाट पेश हुन सकेको देखिँदैन वादी पक्षले बस्तुनिष्ट प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिदा सो तर्फको आरोप दावी पुग्ने देखिएन भन्ने निर्णयाधारका सम्बन्धमा प्रतिवादीको कार्यतत्ववाट निजहरुको वदनियत रहे नरहेको हेरिनु पर्दछ। विद्यालय निर्माण समितिका जिम्मेवार पदाधिकारीहरु कन्हैया साह कानु (अध्यक्ष), रामवचन प्रसाद (सदस्य सचिव), र सदस्य रामचन्द्र सा कानुले निर्माण सामाग्रीहरु खरिद गरे बमोजिमको रकम क्रमश भुक्तानी दिदै जानुपर्नेमा सो नगरी निर्माण समितिको अध्यक्ष कन्हैया साह कानुलाई नै मिति २०६९/०४/२९ गते पेश्की बापत एकमुष्ठ रु.११,८५,०००।— रकम प्रदान गरेको। प्राप्त पेश्कीबाट केही पनि काम नगरेको अवस्थामा निजलाई मिति २०७०/०२/०३ मा पुनः रु.१०,०००।- थप पेश्की दिएको र उक्त पेश्की बापत गर्नु पर्ने विद्यालयको ५ कोठे भवन निर्माणको थालनी समेत नगरी विद्यालय निर्माणका लागि विद्यालय व्यवस्थापन समितिमा प्राप्त सार्वजनिक सम्पत्तिको लापरवाही र वदनियतपुर्ण तरिकाले हिनामिना, हानि नोक्सानी एवं दुरुपयोग गरे गराएको, प्रतिवादीहरुले गलत मनसायले एकआपसमा मिलेमतो गरी कार्य गरेको स्पष्टै देखिएको अवस्थामा प्रतिवादीहरु रामबचन प्रसाद र रामचन्द्र सा कानुलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर भागी रहेको।<br>प्रस्तुत मुद्दाको अनुसन्धानको सिलसिलामा स्रोत व्यक्ति महन्त प्रसाद यादवले रामजानकी नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको स्थलगत निरिक्षण, निर्माण समितिका व्यक्तिहरुसंग आवश्यक छलफल र अध्ययन गरी पेश भएको प्रतिवेदनमा उल्लेख भए अनुसार "निर्माण समितिका अध्यक्ष श्री कन्हैया साहलाई निर्माण कामको लागि दिएको पेश्की रकम रु ११,८५,०००।— को भवन निर्माणको जग समेतको काम शुरु नभएको देखुको साथै लगभग सम्पुर्ण रकम काम शुरु नभई पेश्की दिएकोमा नदिनु पर्ने देखिन्छ। काम शुरु भई कामको मूल्यांकनको आधारमा रकम भुक्तानी दिनु पर्ने वा नितान्त आवश्यकता भएमा केही रकम मात्र दिनु पर्ने देखिन्छ त्यस कुरामा प्र.अ.ले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ध्यान पुऱ्याउनु पर्ने थियो। अव तत्काल उक्त रकम विद्यालयको खातामा दाखिला गराई भवन निर्माणको काम अविलम्व आवश्यकता अनुसार शुरु गर्नुपर्ने देखिन्छ" भन्ने समेतको बेहोराको प्रतिवेदनलाई महन्त प्रसाद यादवले सम्मानित अदालत समक्षको वकपत्रबाट समेत पुष्टि गरेको अवस्था रहेको। प्रमाण ऐन, २०३१ को दफा २० मा "प्रचलित नेपाल कानुन बमोजिम कुनै काम, घटना वा अवस्थाका सम्वन्धमा कुनै टिप्पणी वा प्रतिवेदन तयार गरी कुनै खास ठाउँ वा कार्यालयमा पेश गर्नु पर्ने कानुनी कर्तव्य भएका मानिसले कर्तव्य पालनाको शिलसिलामा लेखेको त्यस्तो टिप्पणी वा प्रतिवेदन प्रमाणमा लिन हुन्छ" भन्ने व्यवस्था रहेको। प्रस्तुत मुद्दाको सन्दर्भमा पनि यी प्रतिवेदकको प्रतिवेदनलाई प्रमाणमा लिएको नपाईएको हुँदा प्रस्तुत फैसलामा कानूनी रुपमा त्रुटीपूर्ण रहेको।<br>सम्मानित सर्वोच्च अदालतबाट सार्जन पाण्डे समेत विरूद्ध नेपाल सरकार भएको मुद्दा, सर्वोच्च अदालत बुलेटिन, २०६६ मंसिर १, पूर्णाङ्क ४१७, पृष्ठ १९ र २० मा "सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ । By conduct अर्थात् कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ" भनि सिद्धान्त प्रतिपादन भएकोमा प्रस्तुत मुद्दामा समेत प्रतिवादीहरू रामजानकी नेपाल राष्ट्रिय प्राथमिक विद्यालयका निर्माण समितिका अध्यक्ष कन्हैया साह कानु, प्रधानाध्यापक तथा सदस्य सचिव रामवचन प्रसाद र सदस्य रामचन्द्र सा कानुले समितिका अध्यक्ष कन्हैया साह कानुलाई नै अस्वभाविक रुपमा ठुलो रकम पेश्की उपलव्ध गराएको, निर्माण समितिका अध्यक्ष कन्हैया साह कानुले लिएको पेश्की रकमबाट विद्यालय निर्माणको कुनै कार्य नगरेको तथा पेश्की बापतको रकम हाल सम्म विद्यालयको खातामा दाखिला समेत नगरी विद्यालय भवन निर्माण गर्ने भनि प्रचलित खरिद ऐन नियम विपरित सम्झौता समेत नगरी पेश्की रकम लिनुदिनु गरी सार्वजनिक संस्थाको सम्पत्तीको लापरवाही र वदनियतपुर्ण तरिकाले हिनामिना, हानीनोक्सानी एवं दुरुपयोग गरे गराएको देखिएको अवस्थामा निज प्रतिवादीहरु रामजानकी नेपाल राष्ट्रिय प्राथमिक विद्यालयका निर्माण समितिका सदस्य सचिव तथा उक्त विद्यालयका प्रधानाध्यापक रामवचन प्रसाद, सदस्य रामचन्द्र सा कानुलाई समेत दोषि ठहर गरिनुपर्नेमा सफाई दिएको उक्त फैसला त्रुटीपूर्ण रहेकोले उक्त फैसला खारेज भागी रहेको।<br>प्रतिवादी रामबचन प्रसादले भवन निर्माण कार्यको लागि चेकबाट झिकेको रु ११८५०००।- सह-प्रतिवादी कन्हैया साह कानुलाई बुझाएको भरपाईबाट देखिएको र अनुसन्धानको क्रममा तयार भएको बयान कागजमा कसैले पनि निजलाई दोषारोपण गरेको नदेखिएको भन्ने आधार ग्रहण गरेको सन्दर्भमा प्रतिवादी रामवचन प्रसाद निर्माण समितिको सदस्य मात्र नभई उक्त विद्यालयको प्रधानाध्यापक समेत रहेका। निजले विद्यालयको उन्नती प्रगतिको लागि विद्यालयमा प्राप्त चन्दाबाट संकलित रकम भवन निर्माणको निम्ति खर्च गर्नको लागि प्रचलित खरिद ऐन नियम अनुसार सम्झौता गरी केही रकम पेश्की स्वरुप दिनु पर्नेमा निज प्रतिवादीले सो बमोजिमको कार्यविधि अपनाई प्रतिवादी कन्हैया साह कानुलाई भुक्तानी दिएको अवस्था विद्यमान नरहेको। निज प्रतिवादी नै बैंकमा उक्त चेकको भुक्तानी लिन गएको बैंकको पत्रबाट खुल्न आएको। केवल विश्वासको भरमा भुक्तानी दिएको हो, उक्त रकम भरपाईबाट प्रतिवादी कन्हैया साह कानुलाई दिएको, पटक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पटक रकम फिर्ता गर्न ताकेता गरेको भनेर मात्र सजायबाट उन्मुक्ती पाउने होइन/मिल्दैन। साथै कुनै पनि प्रतिवादीले पोल दोषारोपन नगर्दैमा निजको उक्त कसूरमा संलग्नता छैन भनी अनुमान गर्नु पनि नहुने। निज प्रतिवादी रामबचन प्रसादको उपर किटानी उजुरी रहेको छ। निज उक्त विद्यालयको प्रधानाध्यापक रहेको निजको प्रस्तुत वारदातको मुख्य प्रमाण दुवै चेकमा हस्ताक्षर रहेको हुँदा निज प्रस्तुत वारदातको मुख्य कसूरदार रहेको पुष्टि भएको अवस्थामा निजलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेको। |